निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मितिः २०८०।०८।१७

# प्रेस विज्ञप्ति

## राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यक्रम सम्बन्धमा ।

मिति २०८०/१०/११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आयोगबाट निर्वाचन कार्यक्रम स्वीकृत भएको छ। स्वीकृत निर्वाचन कार्यक्रम अनुसार मिति २०८०/०९/२० गते निर्वाचन अधिकृतको कार्यालयमा मतदाता नामावली प्रकाशित हुनेछ। प्रकाशित मतदाता नामावली उपर दाबी विरोध लगायतका कार्यहरु सोही दिनबाट प्रारम्भ भै पुष २२ गते सम्पन्न हुनेछन् र सोही दिन अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ। मतदाता नामावली आयोगको वेबसाईट र निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन हुनेछ।

मिति २०८०/०९/२३ गते उम्मेदवारको मनोनयन दर्ता विहान १०:०० बजेदेखि अपरान्ह १५:०० बजेसम्म हुनेछ। मनोनयन दर्ता पश्चात उम्मेदवारको विरोधमा उजूरी दिने कार्य पुष २४ गते हुनेछ। मनोनयन पत्र र उजूरी उपर जाँचबुझ गरी अन्तिम नामावली पुष २६ गते प्रकाशन हुनेछ। उम्मेदवारले नाम फिर्ता लिने कार्य पुष २७ गते सम्पन्न भए पश्चात उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्य सोही दिन १४:०० बजे सम्पन्न हुनेछ। उम्मेदवारलाई निर्वाचन चिन्ह पुष २८ गते १०:०० बजेदेखि १३:०० बजेसम्म उपलब्ध गराउने कार्यक्रम रहेको छ। मतदान कार्य मिति २०८०/१०/११ गते ९:०० बजेदेखि १५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा हुनेछ। मतदान कार्य सम्पन्न भएपछि सोही दिनै मतगणना कार्य हुनेछ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० र प्रदेश सभा सदस्य निर्वाचन ऐन,२०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार सोही दफाहरुको उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुन नपाउने व्यहोरा समेत सम्बन्धित सबैलाई कार्यक्रम मार्फत आयोगले जानकारी गराएको छ ।

सूर्य प्रसाद अर्याल
सहायक प्रवक्ता एवं उपसचिव

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np